बोलपत्र सम्वन्धी प्रावधान एवं शर्तहरु :-

१.बोलपत्र सम्वन्धि फारम निगमको बिराटनगर स्थित कार्यालयबाट रु.१००० (अक्षेरुपीः एकहजार मात्र,फिर्ता नहुने) तिरी प्राप्त गर्न सकिने छ।

२.शिलबन्दी बोलपत्रका साथ आफुले कवोल गरेको एक वर्षको कुल भाडा रकमको २.५ (साढे दुइ ) प्रतिशत रकम धरौटी बापत निगमको केन्द्रिय कार्यालय काडमाडौं स्थित राष्ट्रिय बाणिज्य बैक बिशाल बजार शाखाको चल्ती खाता नम्वर १०९०१५२१८८०२ मा जम्मा गरेको सक्कल भौचर वा १२० दिन म्याद भएको नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त कुनै पनि वाणिज्य बैंकद्वरा जारी गरिएको सक्कल बैंक ग्यारेण्टी पेश गर्नुपर्ने छ।

३. बोलपत्र फारम खरिद गर्ने र सिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति,समय र स्थान यस सम्वन्धमा सिलबन्दी बोलपत्र आव्हान गर्दा गरेको सार्वजनिक सूचनामा उल्लेख भए बमोजिम हुनेछ। पेश हुन आएको सिलबन्दी बोलपत्रहरु बोलपत्रदाता वा निजको प्रतिनिधीको रोवहरमा खोलिनेछ। बोलपत्र खरिद गर्ने अन्तिम दिन र त्यस्तै दाखिला गर्ने अन्तिम दिन वा खोल्ने दिन सार्वजनिक बिदा परेको खण्डमा त्यसको लगतै कार्यालय खुलेको दिनमा उपरोक्तानुसार कार्य गरिने छ।

४.निम्न लिखित रित नपुगी आएको बोलपत्र उपर कारबाही गरिने छैन : .

(क) निगमले उपलब्ध गराएको बोलपत्र फारम भरी पेश नगरिएको।
(ख) सिलबन्दी गरी पेश नगरिएको।
(ग) बोलपत्र दिनेको सहीछाप नभएको।
(घ) म्यादभित्र दाखिला हुन नआएको।
(ङ) माथी उल्लेखित बुदा नं.२ अनुसारको धरौटी रकम सिलबन्दी बोलपत्रका साथ संलग्न नभएको।
(च) कुनै पनि शर्तहरु राखिएको।

५. उक्त फल्याटहरु २ (दुई) वर्षको सम्झौता अवधि पश्चात निगमले चाहेमा सम्झौता नविकरण गर्न सकिने छ। साथै उक्त भवन भाडामा दिने बोलपत्रदाता स्वयंमले आफ्नै खर्चमा नेपाल बायुसेवा निगम परिसर लेखिएको साइनवोर्ड दखिने ठाँउमा राख्नु पर्नेछ।

६ . उक्त फल्याटहरु न्युनतम भाडा रकम बहाल कर सहित प्रति महिना रु.१,६४,४७२। (अ क्षेरुपी एक लाख चौसाठी हजार चार सय बहत्तर रुपैया मात्र) कायम गरिएको छ। अतः बोलपत्रदाताहरुले उक्त न्युनतम भाडा रकम भन्दा कम भाडा रकम कबोल गर्न पाइने छैन।

७. भाडा बापत निगमलाई बुझाउन कवोल गरेको मासिक भाडा रकम के कति हुने स्पस्ट उल्लेख गनुपर्ने छ।

८. बोलपत्रमा कबोल गरेको रकम अंक र अक्षरमा  स्पष्ट उल्लेख भएको हुनुपर्दछ र उल्लेखित अंक र अक्षरमा फरक देखिन आएमा अक्षरमा उल्लेख गरिएको रकमलाई मान्यता दिइनेछ ।

९. उक्त भवन भाडामा लिए बापत नेपाल सरकार, महानगरपालिका वा अन्य सरकारी निकायलाई प्रचलित ऐन नियम बमोजिम कुनै किसिमको बहाल कर,दस्तुर र अन्य कर,महशुल बुझाउनु परेमा बोलपत्रदाता स्वयंमले नै अनिवार्य रुपले व्यहोर्नु पर्नेछ ।

१०.बोलपत्रदाताले पेश गर्ने बोलपत्रको प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खामको बाहिर आफ्नो फर्मको नाम,ठेगाना र बोलपत्र खामको बाहिर पट्टी नेपाल बायुसेवा निगमको बिराटनगर स्थित भवनको फल्याटहरु भाडामा लिने सम्वन्धि भनि स्पष्ट उल्लेख गरी बिराटनगर स्थित निगमको कार्यालयमा बोलपत्र आव्हानको सुचना प्रथम पटक प्रकाशित भएको मितिले सोह्रौ दिन,दिनको १२:०० बजे सम्म दर्ता गराउनु पर्नेछ । बोलपत्रदाताको नाम र ठेगाना स्पष्ट लेखिएको हुनु पर्नेछ ।

११. प्राप्त भएको सिलबन्दी बोलपत्रहरु, बोलपत्र पेश गर्ने अन्तिम दिनको १४:००बजे उपस्थित भएका प्रस्तावदाता वा निजका प्रतिनिधीहरुको रहोवरमा निगमको बिराटनगर स्थित कार्यालयमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि  बोलपत्रहरु खोल्न बाधा पुग्ने छैन ।

१२. बोलपत्रमा भाग लिदा :

(क) इच्छुक संघ संस्थाहरुको हकमा सिलबन्दी बोलपत्रका साथ आफ्नो व्यवसाय  संचालन सम्वन्धी नेपाल सरकारबाट प्राप्त इजाजत पत्र,आयकर प्रमाणपत्र (नबिकरण समेत भएको ) एवं कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपिहरु र साथै मुल्य अभिबृद्धि कर वा स्थायी लेखा नम्वर दर्ता प्रमाणपत्रहरुको सक्कल प्रति पेश गर्नुपर्ने छ ।

(ख) इच्छुक व्यक्तिको हकमा भने नागारिकता र स्थायी लेखा नम्वर दर्ता प्रमाणपत्रहरुको प्रतिलिपीहरु अनिवार्य रुपले पेश गनुपर्ने छ । निगमलाई  आवश्यक भएमा ती प्रमाणपत्रहरुको सक्कल प्रति पेश गनुपर्ने छ ।

(ग) बोलपत्रदाताले भवन भाडामा लिने सम्वन्धि कार्यको लागि अयोग्य नभएको र सम्वन्धित पेशा सम्वन्धि कसुरमा आफुले सजाय नपाएको तथा कुनै आर्थिक कारोवार गर्दा बैंकहरुले कालो सुचिमा नराखेको भनि लिखित रुपमा आफैले घोषणा गरेको कागजात पेश गर्नु पर्नेछ ।

१३.स्वीकृत बोलपत्रदाताले निगमबाट बोलपत्र स्वीकृत भएको सूचना वा जनाउ पाएको मितिले ७ दिन भित्र ६ (छ ) महिना बरावरको हुन आउने बहाल रकम सुरक्षण धरौटी  बापत निगमको केन्द्रिय कार्यालय स्थित राष्टिय बाणिज्य बैक,बिशाद बजार शाखाको चल्ती खाता नं १०९०१५२१८८०२ मा जम्मा गरेको सक्कल भौचर सहित सम्वन्धित कार्यको लिखित कबुलियतनामा गर्नको लागि निगममा उपस्थित हुनुपर्ने छ । उपरोक्त बमोजिम नभएमा वा कबुलियत गर्न मन्जुर नगरिएमा, स्वीकृत बोलपत्रदाताको बोलपत्र रद्द गरी धरौटी बापतको रकम पनि जफत गरिने छ र पछि यसमा कुनै उजुरी लाग्ने छैन ।

१४. उक्त भवनमा कलकारखाना, प्रदुषण गराउने, सडक आवगमनमा बाधा गराउने, पशुवधशाला, होटल, रेष्टुरेण्ट, डान्सबार इत्यादी प्रकृतिका पसलहरु  र निगमको व्यवसायिक उ2]श्य अनुरुप समान व्यवसायी पसलहरु राख्न पाइने छैन ।

१५. पेश भएका बोलपत्रहरु उपर अध्ययन,विश्लेषण र मुल्यांकन बाट निगमलाई अधिकतम लाभ प्राप्त हुने गरी उपयुक्त ठहरिएको बोलपत्रलाई स्वीकृत गरिनेछ ।
बोलपत्र पुर्ण रुपमा स्वीकृत गर्ने, आशिंक रुपमा स्वीकृत गर्ने, सशोधन सहित स्वीकृत गर्ने वा अस्वीकृत गर्ने आदी सम्पुर्ण अधिकार यस निगममा निहीत रहनेछ ।

१६ बिजुली बत्ति, पानी, टेलिफोन आदीको बिल नियम अनुसार बहालवाला स्वयंमले व्यहोर्नु पर्नेछ ।

१७. उक्त भवनको कोठाहरुमा निगमले गरी दिएको पार्टेसन बाहेक आफ्ना आवश्यकता अनुरुप अरु कुनै थप कार्यहरु गर्नुपर्ने भएमा बहालवाला स्वयंमले नै यस  निगमको स्वीकृत लिइ गर्नुपर्ने छ ।

१८.यस सम्वन्धि अन्य कुनै कुरा बुझ्न परेमा निगमको बिराटनगर स्थित कार्यालयमा सम्पर्क राख्न सकिनेछ  ।